# “हाम्रो नाच्ने गाउनेबेला”

## बाल विवाह

# सिफारिसहरू

बालविवाहको रोकथाम महिला र बालिकाहरूलाई सशक्त बनाउने व्यापक प्रयासहरू, घरेलु हिंसा र बालश्रमको अन्त्य तथा शिक्षा र स्वास्थ्यसेवामा पहुँचमा वृद्धि आदिसित सँगसँगै अघि बढ्नु पर्छ। सरकारले गरीबीलाई घटाउने आफ्ना प्रयत्नहरूमा बालविवाहलाई पनि सम्मिलित गराउनु पर्छ, र बालिकाहरूलाई विवाहको बाटोतिर डोहोऱ्याउने मुख्य भूमिका रहेको जात र जातिमा आधारित भेदभावलाई अन्त्य गर्ने प्रयत्न गर्नु पर्छ। बालविवाहलाई नियन्त्रण गर्ने तथा विवाहित बालबालिकालाई सहयोग गर्ने सम्पूर्ण कार्यक्रमहरूमा बालबालिकाको हितले उचित प्राथमिकता पाऊन् र बालबालिकाको स्थिति नबिग्रियोस् भनेर सरकार जागरूक हुनुपर्छ।

तलका सिफारिसहरू नेपाल सरकारले पहिले नै प्रतिबद्धता व्यक्त गरिसकेको २०१५ पछाडिको दिगो विकास लक्ष्य ५ अन्तर्गत बालबिवाह अन्त्य गर्ने, र मार्च २०१६ मा काठमाडौँमा भएको बालिका सम्मेलनमा निर्धारण गरिएको २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्य, मा समेत आधारित छ। सरकारले दक्षिण एसियामा बालविवाह अन्त्य गर्ने प्रतिबद्धता काठमाडौँ आह्वान २०१४ अन्तर्गत पनि व्यक्त गरेको छ। २०१४ मा लण्डनमा आयोजित बालिका सम्मेलनमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रीले प्रस्तुत गरेका बुँदाहरूले यसलाई निर्देशित गर्नुपर्छ र बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीतिले पनि यसलाई अघि बढाउनुपर्छ।

यी प्रतिबद्धताहरूबाट सृजित गतिशीलताको सम्मान गर्दै तिनलाई सदुपयोग गरेर बालविवाहको अन्त्यका लागि प्रभावकारीरूपमा कृयाशील देशको उदाहरण बन्ने अवसर नेपाल सरकार सामु उपलब्ध छ।

## प्रधानमन्त्रीका लागि

**बालविवाह अन्त्यका लागि राष्ट्रिय कार्ययोजनाको निर्माणतर्फ अघि बढ्न**

- सरकार र नागरिक समाजका सम्बन्धित सम्पूर्ण अङ्ग, सामुदायिक अगुवाहरू, धार्मिक गुरुहरू एवं युवाहरूसितको परामर्शको प्रक्रियाबाट बालविवाह अन्त्यका लागि राष्ट्रिय कार्ययोजनाको विकास र कार्यान्वयन गर्ने।
- उक्त कार्ययोजनामा "मागी विवाह" वा "प्रेम विवाह" जुनसुकै नाममा भएको भए पनि बालविवाहको रोकथाम गर्ने एवं विवाहित किशोरकिशोरीहरूलाई समेत संरक्षण र सेवामा पहुँच दिलाउने र जवाफदेहिताको संयन्त्र समावेश होस् भन्ने सुनिश्चित गर्ने।

- o नीतिहरूको कार्यान्वयन, अभियानहरू र सेवाका विकल्पहरूबाट सिकिएका कुराहरूलाई पहिचान गर्नका लागि अनुगमन तथा मूल्याङ्कन को अंश समावेश गर्ने तथा अनुकरण र विस्तारका प्रभावकारी ढाँचाहरू तयार पार्ने।
- o संयुक्त राष्ट्रसंघको साधारणसभाको प्रस्ताव ६९/१५६ तथा मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको कार्यालय (OHCHR) को अप्रिल २०१४ को रिपोर्टमामा उल्लिखित बालविवाह, उमेर नपुगी गरिने विवाह, बलजफ्ती गरिने विवाहहरूको रोकथामका सिफारिसहरूको कार्यान्वयन गर्ने।

- बालविवाह अन्त्यका लागि राष्ट्रिय कार्ययोजनामा निम्न कुराहरू समावेश होऊन् भन्ने सुनिश्चित गर्नेः
  1. बालिका र महिलालाई भेदभाव गर्ने वा भेदभावहरूलाई कुनै चुनौती नदिई छाड्ने सरकारी ऐनकानून र नीतिहरूको विश्लेषण र परिमार्जन गर्ने;
  2. २०३० को लक्ष्य हासिल गर्नका लागि भइरहेका कार्यप्रगतिको मूल्याङ्कन गर्नका लागि समयबद्ध र मापदण्डसहितको विस्तृत योजना बनाउने;
  3. कार्यान्वयनका लागि सबै सान्दर्भिक मन्त्रायलको जिम्मेवारी तोक्ने तथा तिनका बीचमा समन्वयका लागि संयन्त्र तयार गर्ने;
  4. स्थानीय योजना प्रक्रिया तथा स्रोत बाँडफाँडमा (बालविवाह रोकथामका) गतिविधिहरूलाई एकीकृत गराउने;
  5. सरकार बाहिर रहेका सम्पूर्ण साझेदारहरूसित परामर्श र सहकार्य गर्ने;
  6. योजनामा भएका् गतिविधिहरूलाई कार्यान्वयनका लागि गाविस तहसम्मका सरकारका हरेक तहमा पर्याप्त मात्रामा आर्थिक, मानवीय र कार्यक्रमसम्बद्ध स्रोतहरू छुट्याउने;
  7. २०३० सम्ममा बालविवाह अन्त्य गर्ने सरकारको लक्ष्य हासिल गर्नका लागि संयुक्त राष्ट्रसंघ तथा दाताहरूसित समन्वय गर्ने र उनीहरूबाट सहयोग जुटाउने;
  8. सार्वजनिक वक्तव्यका माध्यमबाट उच्चतम तहदेखि स्थानीय तहसम्मका राजनीतिक नेतृत्वबाट र सम्भव भएसम्म राजनीतिक दलहरूबाट समेत राष्ट्रिय कार्ययोजनामा भएका अग्रसरताहरूका लागि सहयोग जुटाउने;
  9. बालविवाह अन्त्य गर्नका लागि के कुरा प्रभावकारी हुन्छ भन्ने विषयका अनुसन्धानहरूको सङ्ख्या बढाउन र सिकाइलाई सहयोग गर्नका लागि संयन्त्र बनाउने;

## महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका लागि

**बालविवाह रोकथाम गर्ने कदमहरू चाल्ने**

- आर्थिक स्रोत उपलब्ध गराउनका लागि अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसित सहकार्य गर्ने, तथा नेपालमा बालविवाह हुनका मुख्य कारणहरूका बारेमा जानकारी बढाउनका लागि गैरसरकारी संस्थाहरूसित सहकार्य गर्ने, एवं बालविवाहलाई सम्बोधन गर्ने कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनगरी त्यसबाट आएको सूचनालाई कार्यक्रमको परिमार्जनका लागि प्रयोग गर्ने।
- बालबालिकालाई सशक्त बनाई बालविवाहलाई अस्वीकार गर्न सक्ने बनाउन तथा बालबालिकाहरूका बीचमा हुने प्रेम विवाहलाई निरुत्साहित गर्नका लागि नागरिक समाज सङ्गठनहरूको सहकार्यमा राष्ट्रव्यापी कार्यक्रमको विकास तथा कार्यान्वयन गर्ने।
- सफल अभ्यासहरूमा आधारित रही बालविवाहका हानिनोक्सानी तथा अवैधता, सहयोगी सञ्जाल, सीपमूलक तालीम, आजीविका पथप्रदर्शन एवं बाल अधिकार तथा यौन र प्रजनन स्वास्थ्य जस्ता विषयमा किशोर किशोरीहरूलाई जानकारी दिने किसिमका कार्यक्रमहरू तयार गर्ने।
- विवाह गर्ने दवाबमा रहेका बालबालिकालाई सहयोग गर्ने बाल हेल्पलाइन जस्ता कार्यक्रमहरूलाई सहयोग तथा विस्तार गने।
- बालविवाहलाई रोकथाम गर्ने विषयमा जनचेतना अभिवृद्धि गर्नका लागि संघीयता सम्बन्धी मामिला तथा स्थानीय विकास मन्त्रालयसितको सहकार्यमा जिल्ला तथा स्थानीय सरकारलाई परिचालन गर्ने।

## विवाहित बालबालिकालाई सहयोग गर्ने

- कानूनी सहयोग, सल्लाह, आश्रय लगायतका कार्यक्रमहरूका रूपमा विवाहित बालबालिकालाई सहयोग प्रदान गर्ने।
- विवाहित बालबालिकाले १८ वर्ष उमेर पुगेपछि उमेर नपुग्दै भएको आफ्नो विवाह रद्द गराउन पाउने कानूनी व्यवस्थाका बारेमा जनचेतना बढाउने र त्यस्तो विकल्प रोज्नेहरूलाई कानूनी सहायता उपलब्ध गराउने।

## घरेलु हिंसाको सामना गर्ने संयन्त्र बालिकाहरूको पहुँचमा रहेको सुनिश्चित गर्न

- आफ्नो अधिकारका बारेमा कम जानकारी भएका, धैरै चलफिर गर्न नपाउने, र सेवामा कम पहुँच भएका विवाहित बालिकाहरूको विशेष परिस्थितिलाई ध्यानमा राखेर घरेलु हिंसा (अपराध र सजाय) ऐन २००९ लाई पूर्णरूपले लागु गराउनका लागि कदमहरू चाल्ने।

## स्वास्थ्य तथा जनसङख्या मन्त्रालयका लागि

- विद्यालय जाने सम्पूर्ण बालबालिकाहरूका लागि यौन तथा प्रजनन शिक्षाका पाठहरूको परिमार्जन तथा विस्तार गर्न शिक्षा मन्त्रालयसित मिलेर काम गर्ने। यस विषयका पाठहरू सानै कक्षादेखि अनिवार्यरूपमा पढाउनु पर्छ र यो शिक्षा गर्भ निरोधका साधनहरूमा पहुँचसित सम्बन्धित हुनुपर्छ। यसमा निम्न कुरा समावेश हुनु पर्छ।
    - किशोरावस्था सम्बन्धी शिक्षा;
    - महिनावारीको स्वस्थ व्यवस्थापनका विधिहरू;
    - बाल-प्रेमविवाह लगायतका बालविवाहका हानिकारक प्रभावहरू;
    - सानो उमेरमा गर्भधारण गर्नुसित सम्बन्धित स्वास्थ्य समस्याहरू;
    - परिवार नियोजन, जन्मान्तर, गर्भनिरोधक साधनहरू तथा सुरक्षित गर्भपतन;
    - प्रसूतिपूर्वको स्याहार र तयारी, कुशल प्रसूति तथा सुत्केरी पछिको स्वास्थ्यलाभ;
    - स्वस्थ सम्बन्ध तथा घरेलु हिंसाको पहिचान र सामना;
- स्वास्थ्य चौकी, महिला स्वास्थ्य स्वयंसेविका र अन्य सरकारी स्वास्थ्य निकायमार्फत सेवाको विस्तार गरेर विद्यालय र समुदाय दुवै ठाउँमा, गरीब समुदाय र बालबिवाह भएका वा बालबिवाहको जोखिममा रहेका बालबालिकालाई प्राथमिकतामा राखेर यौन र प्रजनन स्वास्थ्यका बारेमा जानकारी दिने।
- विद्यालय बाहिर रहेका, खासगरी सीमान्तकृत बालबालिकाहरूको समूहहरू बनाई र समूहगत र व्यक्तिगत सत्रहरू चलाएर, यौन र प्रजनन स्वास्थ्य र बालविवाहका बारेमा आवश्यक सूचना र जानकारी प्रदान गर्ने काममा अगुवा भूमिका निर्वाह गर्ने। यस्ता सत्रहरूले बालबालिकालाई माथि उल्लेख गरिएका विषयवस्तुको जानकारी दिनुपर्छ।
- सामुदायिक सम्पर्कका सत्रहरूमा सामाजिक हिसाबले अस्वीकार्य र बाबुआमाले मन नपराउने विवाहअघिको प्रेम सम्बन्ध तथा गर्भधारणको डर र प्रेम भएको थाहा भयो भने बाबुआमाले अन्त बिहा गरिदिन्छन् भन्ने डर जस्ता किशोरकिशोरीहरूलाई प्रेम विवाहका लागि उक्साउने

कुराहरूका बारेमा विस्तृत छलफल गर्ने। समूहहरूमा बालबालिकाहरूका लागि त्यसको समाधान के हुन्छ भन्ने बारेमा छलफल गर्ने, जसमा बाबुआमासित मध्यस्थता गरिदिन शिक्षक जस्ता कुनै भरपर्दो वयस्क व्यक्तिको मदत लिने, सुरक्षित यौन व्यवहार गर्ने र गर्भपतनको सुविधामा पहुँच र जबरजस्तीसित गराइने बालविवाहबाट जोगिनका लागि प्रहरीको सहयोग लिने जस्ता कुरा पनि पर्छन्।

- सम्पर्क कार्यकर्ताहरूले किशोरावस्थामा प्रवेश गरिरहेका बालबालिका र किशोर किशोरीहरूका बाबुआमालाई भेला गराएर बालविवाह र किशोरकिशोरीहरूको प्रेम विवाहका बारेमा छलफल गर्ने। यस्ता छलफलमा बाबुआमालाई बालविवाहका विरुद्धमा रहेका ऐन-कानून र बालविवाह गराउनेले पाउने सजायका बारेमा जानकारी दिने। यस्ता भेलामा छोराछोरीलाई भागी विवाह गर्नबाट जोगाउनका लागि उपयोगी हुने - घरमा खुलेर कुराकानी गर्ने बानी, बालविवाहका हानीहरूका बारेमा चर्चा, उनीहरूको प्रेम सम्बन्धका बारेमा सहिष्णुता र गर्भनिरोधका साधनहरूका बारेमा बुझ्न मदत गर्ने जस्ता उपायहरूका बारेमा पनि छलफल गर्ने।
- सामुदायिक सम्पर्कका प्रयत्नहरूलाई विवाहित किशोरी, तिनका श्रीमान् र सासुससुरातिर लक्षित गरेर फैलाउने , उनीहरूलाई परिवार नियोजन, गर्भनिरोधका साधन, गर्भवती महिलाको स्याहार, सुरक्षित सुत्केरी गराउनुको महत्व आदिका बारेमा जानकारी दिने र सुत्केरी भइसकेपछि चाहिने सेवाहरू प्राप्त गर्न मदत गर्ने।
- जन्म र विवाह दर्ता अनिवार्य बनाउने प्रक्रिया लागु गर्नका लागि कानून तथा न्याय मन्त्रालयसित सहकार्य गर्ने।
- अनिवार्यरूपले जन्म र विवाहको दर्ता गर्ने प्रक्रिया र त्यसका लाभहरूका बारेमा जनचेतना बढाउनका लागि विस्तृत राष्ट्रिय अभियान स्थापना गर्ने।
- जन्म र विवाहको दर्ता भएको हुनुपर्ने कुरालाई बल पुऱ्याउने संरचना स्थापना गर्ने।
- विद्युतीय अभिलेख तयार गरी जन्म र विवाहको प्रमाण मुलुकभरि उपलब्ध बनाउने र वयस्क व्यक्तिहरूका बीचमा भएको विवाह मात्र दर्ता गर्न यी अभिलेखहरूको प्रयोग गर्ने।

## शिक्षा मन्त्रालयका लागि

**बालिकाहरूले स्तरीय प्राथमिक र माध्यमिक शिक्षा पाऊन् भन्ने सुनिश्चित गर्न**

- कानून र व्यवहार दुवैमा प्राथमिक शिक्षालाई अनिवार्य र निशुल्क बनाउने। यसका निम्ति निरीक्षण गरेर एवं समुदायमै पुगेर विद्यालय नगएका बालबालिकासित सम्पर्क गर्ने र उनीहरूलाई विद्यालयमा भर्ना गराउने कर्मचारीहरू नियुक्त गर्ने।

- भर्ना शुल्क, परीक्षा शुल्क र सम्बन्धित अरू शुल्कहरू समेत हटाएर निशुल्क शिक्षामा पहुँचको प्रत्याभूति दिनका लागि आवश्यक स्रोत छुट्ट्याउने।
- निशुल्क शिक्षा वा आर्थिक सहयोग बिना विद्यालय जान नसक्ने बालबालिकालाई आर्थिक सहयोग उपलब्ध गराएर सबैका लागि माध्यमिक शिक्षा निशुल्क गराउने अवधि तोक्ने।
- माध्यमिक शिक्षा २०३० सम्ममा पूर्णरूपमा अनिवार्य बनाउनका लागि क्रमिकरूपले अनिवार्य शिक्षाको तह बढाउँदै जाने।
- प्राथमिक तथा माध्यमिक विद्यालयमा भर्ना, हाजिरी तथा विद्यालय छाड्नेहरूको नियमित निगरानीका लागि संयन्त्र स्थापना गर्ने।
- निम्न आय भएका परिवारका छोरीहरूलाई विद्यालय पठाउनका लागि लाग्ने खर्चका लागि उपायहरूको खोजी गर्ने तथा गरीब परिवारका सबै बालबालिकाले शैक्षिक सामग्री, विद्यालयको पोशाक र आवश्यक भएमा तातो खाना पाऊन् भन्ने कुरा सुनिश्चित गर्ने।
- विशेषतः निम्न आय भएका परिवारका एवं सीमान्तकृत समुदायका छोरीहरूलाई लक्ष्य गरेर विद्यालयमार्फत परिवारलाई खानेकुरा उपलब्ध गराउने लगायतका नयाँ प्रोत्साहन योजना विकास गर्ने र विद्यमान आर्थिक प्रोत्साहन कार्यक्रमलाई बलियो बनाउने र विस्तार गर्ने।

## बालिकाहरूलाई विद्यालयमा अड्याउन

- सबै विद्यालयमा शारीरिक दण्डलाई प्रतिबन्ध लगाउने र विद्यार्थीहरूलाई कुटपिट वा दुर्व्यवहार गर्ने शिक्षक वा कर्मचारीलाई छानबिन गरी कारबाही गर्ने।
- बालिकाहरूका लागि उपयुक्त शौचालय र उनीहरूको रजस्वलाको व्यवस्थापनका लागि उपयुक्त सामग्रीको उपलब्धता सुनिश्चित गराउने।
- प्रत्येक विद्यालय र स्थानीय शिक्षा अधिकारीहरूले विद्यालयमा कम उपस्थिति भएका वा विद्यालय छोडेका विद्यार्थीहरूका घरमा गई परामर्श गर्ने र उनीहरूको अनुपस्थितिको कारण पत्ता लगाई उनीहरूलाई विद्यालयमा फर्काउने प्रयास गर्नुपर्ने व्यवस्था गर्ने।
- विवाहित किशोरकिशोरी र गर्भवती किशोरीहरूको भर्ना र पुनः भर्नाका लागि विद्यालय र समुदायद्वारा सम्पर्क गर्ने, र उनीहरूका बच्चाको स्याहार र विकासका लागि आवश्यक सेवा उपलब्ध गराएर आमाहरूलाई विद्यालय जाने मौका दिने लगायतका कार्यक्रमहरूको विकास गर्ने।
- विवाहित र गर्भवती विद्यार्थीहरूले विद्यालय छाड्नु नपरोस् वा उनीहरू फेरि भर्ना होऊन् र उनीहरूप्रति कुनै भेदभाव नहोस् भनेर आवश्यक कदम चाल्ने।

- शिक्षकहरूलाई भर्ना गर्ने, तालीम दिने र उनीहरूलाई धानेर राख्ने प्रणालीलाई बलियो बनाउने र विशेषतः सीमान्तकृत क्षेत्रहरूमा उनीहरूबाट उच्चस्तरीय कार्यकुशलता सुनिश्चित गर्ने।
- खासगरी सीमान्तकृत समुदायका र पढाइ राम्रो नभएका विद्यालयहरूको सिकाइको वातावरण, शिक्षकहरूको उपस्थिति र पढाउने तरीका आदिको नियमित निरीक्षण गर्ने। यस प्रक्रियामा विद्यार्थी र तिनका अभिभावकसितको परामर्श र छलफल पनि अनिवार्य हुन्छ।

## बालविवाहका विरुद्धमा अगुवा भूमिका लिन विद्यालयहरूलाई परिचालन गर्न

- प्रेम विवाह लगायतका बालविवाहका हानिकारक पक्ष र अवैधता का बारेमा सम्पूर्ण जानकारी दिने पाठहरू तयार गरेर सानो कक्षादेखिको अनिवार्य पाठ्यक्रममा समावेश गर्ने।
- सबै विद्यालयहरूमा प्रेम विवाह लगायतका बालविवाहका हानि र अवैधताका बारेमा जनचेतना बढाउने कार्यक्रम स्थापित गर्ने, बालविवाहको जोखिममा भएका विद्यार्थीहरूको अनुगमन गर्ने, र उक्त कुरा तुरुन्तै उनीहरूका बाबुआमा समक्ष राख्नका लागि शिक्षक र विद्यालय प्रशासकहरूको तालीम सञ्चालन गर्ने।
- समुदायको अनुगमन र बालविवाह रोक्ने प्रयत्नमा आमा समूह र महिला स्वयंसेविकाहरूसित सहकार्य गर्ने।
- मागी वा प्रेम बालविवाहको जोखिममा रहेका विद्यार्थीहरूलाई व्यक्तिगतरूपमा सरसल्लाह दिन र सहयोग गर्नका लागि हरेक विद्यालयले एकजना शिक्षक वा कर्मचारी खटाउनै पर्ने नीति बनाउने। उक्त शिक्षक वा कर्मचारीलाई परामर्श, सान्दर्भिक कानून, सम्झौता तथा मध्यस्थताका सीपहरूको तालीम दिने।

## बालिकाहरूलाई सशक्त बनाउन

- हाल राष्ट्रिय पाठ्यक्रममा रहेको यौन तथा प्रजनन स्वास्थ्यका पाठहरूको विषयवस्तु तथा प्रस्तुतिमा परिमार्जन र विस्तार गरी सबै विद्यालयमा प्राथमिक विद्यालयको अन्तिम कक्षामा सुरु भई त्यसपछिका हरेक वर्षमा पढाइ हुने छुट्टै र परीक्षा लिइने विषयको रूप दिने।
- यौन र प्रजनन स्वास्थ्यसम्बन्धी विषय कक्षा अनुसार नभई उमेर अनुसार पढाउने। आठ वर्ष वा त्यसभन्दा बढी उमेर भएर पनि तल्ला कक्षामा रहेका बालबालिकालाई यौन र प्रजनन स्वास्थ्यसम्बन्धी विषय उमेर सुहाउँदो कक्षामा पढाउनु पर्छ।

- यौन र प्रजनन स्वास्थ्यसम्बन्धी पाठहरूलाई गर्भनिरोधका साधनहरूको पहुँचसित सम्बन्धित गराउने।
- विवाह अघिको प्रेम सम्बन्धका बारेमा बाबुआमाको विरोध र समाजको नकारात्मक भावना , गर्भधारणको डर, प्रेम सम्बन्ध भएको थाहा पाउनासाथ बाबुआमाले अर्कैसित मागी बिहे गरिदिन खोज्ने लगायत केकस्ता दवाबहरूले किशोरकिशोरीहरूलाई सानैमा प्रेम विवाह गर्न उक्साउँछन् भन्ने जस्ता विषयहरूमा स्पष्ट र विस्तृत छलफल पनि यौन र प्रजनन स्वास्थ्यसम्बन्धी पाठ्यक्रममा समावेश गर्ने। बालबालिकाहरूका लागि यसको समाधान के हुन्छ भन्ने बारेमा छलफल गर्नुपर्छ, जसमा बाबुआमासित मध्यस्थता गरिदिने शिक्षक जस्ता कुनै भरपर्दा वयस्क व्यक्तिको मदत लिने, सुरक्षित यौन व्यवहार र गर्भपतनको सुविधामा पहुँच र जबरजस्तीसित गराइने बालविवाहबाट जोगिनका लागि प्रहरीको सहयोग जस्ता कुरा पनि पर्छन्।
- किशोरावस्थामा प्रवेश गर्दै गरेका बालबालिका र किशोर किशोरीहरूका बाबुआमालाई भेला गराएर प्रेम विवाह लगायतका बालविवाहको बारेमा छलफल गराई उनीहरूलाई बालविवाहका विरुद्धमा रहेका ऐन-कानून र बालविवाह गराउनेले पाउने सजायका बारेमा थाहा दिनु पर्छ। त्यसका साथै छोराछोरीलाई भागी विवाह गर्नबाट जोगाउनका लागि उपयोगी हुने - घरमा खुलेर कुराकानी गर्ने बानी, बालविवाहका हानीहरूका बारेमा चर्चा, उनीहरूको प्रेम सम्बन्धका बारेमा सहिष्णुता र गर्भनिरोधका साधनहरूका बारेमा बुझ्न मदत गर्ने जस्ता उपायहरूका बारेमा पनि छलफल गर्नुपर्छ।
- स्वास्थ्य मन्त्रालयसितको सहकार्यमा सरकारी स्वास्थ्य केन्द्रहरूबाट कर्मचारी नियमितरूपमा विद्यालयहरूमा बोलाएर विद्यार्थीहरूलाई व्यक्तिगतरूपमा सरसल्लाह दिनका साथै गर्भनिरोधक साधनहरू वितरण गर्नुपर्छ र विद्यार्थीहरूले गोप्यरूपमा त्यस्ता सुविधाहरू पाऊन् भनेर आवश्यक व्यवस्था मिलाउनु पर्छ।

## नेपाल प्रहरीका लागि

- बालविवाहका सबै उजुरीहरूमा तत्काल छानबिन गर्न।
- प्रहरीलाई उजुरी नपर्खिई सक्रियतापूर्वक बालविवाहका घटनाहरू पत्ता लगाउन निर्देशन दिने। बालक्लब, बालिका समूह, लैङ्गिक हिंसा निगरानी समूह, महिला सङ्गठनहरू, नागरिक समाज समूहहरू, विद्यालयहरू, स्वास्थ्य कार्यकर्ताहरू, राजनीतिक दलहरू र सामुदायिक अगुवाहरूको सहकार्यमा बालविवाहको रोकथामका लागि काम गर्ने।
- प्रहरी अधिकृतहरूलाई बालविवाहका घटनाहरू पत्ता लगाउने र छानबिन गर्ने तालीम दिने।

- प्रेम बिवाह लगायतका बालविवाहको रोकथामका लागि सम्भव भएसम्म हस्तक्षेप गर्ने।
- बालविवाहसित सम्बन्धित अपराध गराउने बाबुआमा, वयस्क पति र विवाह गराउने धार्मिक गुरु जो भए पनि सजायका लागि कारवाही अघि बढाउने।
- घरेलु हिंसा (अपराध र सजाय) ऐन २००९ र दाइजो र बहुविवाहको रोकथाम र सजायका लागि बनेका कानूनहरू पूर्णरूपमा लागु गर्नका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय तथा कानून तथा न्याय मन्त्रालयसित सहकार्य गर्ने।

## कानून तथा न्याय मन्त्रालयका लागि

- मुलुकी ऐनमा रहेका बालविवाहसित सम्बन्धित व्यवस्थाहरूलाई बालविवाहलाई रोकथाम गर्न अझ प्रभावकारी हुने गरी परिमार्जन गर्ने। परिमार्जनमा निम्न कुरा समावेश हुनुपर्छः १) बालविवाहका लागि कडा दण्ड सजाय; २) बालविवाहका मुद्दाहरूमा न्यायाधीशको स्वविवेकका लागि कम ठाउँ; ३) लैङ्गिक आधारमा भेदभाव गर्ने व्यवस्थाहरूलाई लैङ्गिक दृष्टिले तटस्थ व्यवस्थाहरूले प्रतिस्थापन गर्ने; ४) विवाह गराउने वा त्यसको दर्ता गर्ने काममा संलग्न सबैले बेहुलाबेहुलीको उमेर थाहा पाउनै पर्ने व्यवस्था मिलाउने; ५) बालविवाहको शिकार भएकाहरूलाई सहयोग र क्षतिपूर्ति उपलब्ध गराउने, ६) बालविवाहमा कानूनी कारवाही गर्ने हदम्यादलाई विवाहित बालबालिका कम्तीमा २१ वर्ष पुगुन्जेलसम्मलाई बढाउने।
- सरकारी कर्मचारीले बालविवाहका बारेमा थाहा पाएका अवस्थामा प्रहरी प्रशासन तथा सरकारी निकायमा जानकारी गराउनै पर्ने वाध्यात्मक व्यवस्था गर्ने।
- प्राथमिक शिक्षा अनिवार्य गराउने संवैधानिक व्यवस्थालाई पूर्णरूपले कार्यान्वयन गर्नका लागि विधान पास गराउने। उक्त वैधानिक व्यवस्थामा निम्न कुरा समावेश हुनुपर्ने छः १) नेपालभरि प्राथमिक शिक्षा सुलभ रूपमा उपलब्ध गराउनु पर्ने बनाउने; २) निश्चित उमेरसम्मका बालबालिकाका लागि शिक्षा अनिवार्य गराउने र त्यो उमेरको सीमालाई क्रमशः बढाउँदै लैजाने; ३) बालबालिका विद्यालयमा उपस्थित रहन्छन् भन्ने कुरा सुनिश्चित गर्ने स्पष्ट उत्तरदायित्व कसैलाई दिने; ४) बालबालिकालाई विद्यालय जानबाट वञ्चित गराउनुलाई आपराधिक क्रियाकलाप मान्ने; ५) अनिवार्य शिक्षा हासिल गर्नुपर्ने उमेरमा विवाह हुनु वा सन्तान जन्मिनुले त्यो अनिवार्यताको अन्त्य नहुने कुरा स्पष्ट गर्ने; ६) विद्यालय बाहिर रहेका बालबालिकालाई पहिचान गरी कक्षामा उपस्थित गराउने कामको जिम्मेवारी सहितको संयन्त्र स्थानीय सरकार अन्तर्गत तयार गर्ने।
- कानूनमा परिमार्जन गरी विवाहित बालबालिका वा उमेर नपुगी विवाह भएका वयस्कहरूले चाहेमा आफैँ निर्णय लिई, विवाह रद्द गराउन सजिलो बनाउने। विवाह रद्द, छोडपत्र वा

परित्याग भएका अवस्थामा विवाह दर्ता भएको वा नभएको जे भए पनि उमेर नपुगी विवाह भएका महिला र बालिकाहरूले छोराछोरीले बाबुबाट पाउने लालनपालन खर्च, भरणपोषण भत्ता र वैवाहिक सम्पत्तिमा उचित भाग पाउने अधिकार संरक्षित भएको सुनिश्चित गर्ने।

- दाइजो लेनदेनको रोकथामका लागि अझ कडा कानूनको विकास गर्ने र त्यसलाई पूर्णरूपमा लागु गर्ने।

## संसदीय व्यवस्था तथा स्थानीय विकास मन्त्रालयका लागि

- बालविवाहसित सम्बन्धित कानून तथा बालविवाहका हानिहरूका बारेमा जनचेतना बढाउने तथा सामुदायिक तहमा बालविवाहको अन्त्यका लागि विशेष कामहरू गर्ने। यो काम महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसितको सहकार्यमा गर्ने र प्रत्येक जिल्ला विकास समितिलाई नागरिक समाज सङ्गठन, बाल क्लब,बालिका समूह, शिक्षक तथा स्वास्थ्य सेवा प्रदायकहरूसितको साझेदारीमा आफ्नो जिल्लाका विभिन्न समुदायको आवश्यकता अनुसारका कार्यक्रम विकास तथा लागु गर्न निर्देशन र सहयोग प्रदान गर्ने।
- बालविवाहको रोकथामका लागि कानूनको सक्रियतापूर्वक प्रयोग गर्ने जिम्मेवारी पूरा गर्नका लागि स्थानीय सरकारका कर्मचारीहरूलाई स्पष्ट निर्देशन उपलब्ध गराउने।
- बालविवाहलाई अनुमति दिने र त्यसको दर्ता गरिदिने स्थानीय सरकारका कर्मचारीहरूका बारेमा रिपोर्ट लिने र छानबिन गर्ने, र उनीहरूलाई कारवाही गर्ने संयन्त्र स्थापना गर्ने। बालविवाहका घटनाहरूका बारेमा जानकारी पाएमा कर्मचारीहरूले प्रहरी प्रशासन तथा सरकारी निकायमा जानकारी गराउनै पर्ने व्यवस्था गर्ने।
- सम्पूर्ण जन्म र विवाहहरूको दर्ता हुनै पर्ने प्रावधान लागु गराउन संरचना स्थापना गर्ने र यी वैधानिक आवश्यकता पूरा गराउन नसक्ने सरकारी कर्मचारीहरूलाई कारवाही गर्ने।
- बालविवाहका घटनालाई हुनुभन्दा अगावै रोक्न र अन्यत्र विवाह नभएपछि विवाह गर्न भनेर बाहिरबाट आएका मानिसहरूको पहिचान गर्नका लागि स्थानीय तहमा विद्यालयका प्रधानाध्यापक र शिक्षक, सामुदायिक अगुवा, गैरसरकारी संस्था तथा प्रहरीसित समन्वय गर्ने।
- बालविवाहका हानिकारक पक्ष तथा बालविवाहसित सम्बन्धित कानूनका बारेमा स्थानीय धर्मगुरुहरूको जानकारी बढाउन तथा उनीहरूलाई बालविवाहको रोकथामका लागि सक्रिय बनाउनका लागि गाउँ विकास समिति र नगरपालिकाहरूसित मिलेर काम गर्ने।

## अन्तर्राष्ट्रिय दाता तथा संयुक्त राष्ट्रसंघका लागि

**काम अघि बढाउनका लागि नेपाल सरकारसित आग्रह गर्न**

- लैङ्गिक न्याय तथा महिला तथा किशोरीहरूको सशक्तीकरण सम्बन्धी २०१५ पछाडिको दिगो विकास लक्ष्य ५ अन्तर्गत बालविवाह अन्त्य गर्ने काम अन्तर्गत लाई प्राथमिकता दिनका लागि नेपाल सरकारसँग मिलेर सूचकहरू टुङ्गो लगाउने।
- बालविवाह अन्त्य गर्नका लागि विस्तृत परामर्श प्रकृया अपनाई विस्तृत राष्ट्रिय रणनीति तयार गर्न सरकारलाई प्रेरित गर्ने, त्यसको विकासमा सहभागी हुने तथा कार्यान्वयनमा सहयोग गर्ने।।
- बालविवाह, उमेर नपुगी गरिने विवाह र बलजफ्ती गरिने विवाहहरूलाई अन्त्य गर्ने नेपालका प्रयत्नहरूको निगरानीलाई मानव अधिकार सम्बन्धी अनुगमन, रिपोर्टिङ तथा द्विपक्षीय र बहुपक्षीय सम्बादहरूमा समावेश गर्ने।

## बालविवाह अन्त्य गर्ने विश्वव्यापी प्रयत्नहरूलाई मदत गर्न

- लैङ्गिक न्याय तथा महिला तथा किशोरीहरूको सशक्तीकरण सम्बन्धी २०१५ पछाडिको दिगो विकास लक्ष्य ५ अन्तर्गत बालविवाहको अन्त्य गर्ने लक्ष्य हासिल गर्नका लागि राज्यहरू, खासगरी बालविवाहको दर उच्च भएका राज्यहरूले लिएका कदमहरूको नजीकबाट अनुगमनको आग्रह गर्ने।
- बालविवाह, उमेर नपुगी गरिने विवाह, बलजफ्ती गरिने विवाहको दर बढी रहेका नेपाल लगायतका देशहरूमा त्यसको अन्त्य गर्नका लागि आर्थिक र प्राविधिक सहयोग स्थापना गर्ने वा त्यसलाई बलियो बनाउने। अरू दाताहरूले शिक्षा, स्वास्थ्य, प्राकृतिक बिपत् व्यवस्थापन, र आर्थिक विकासका साझा विषयका रूपमा बालविवाहलाई सम्बोधन गरून् भन्ने सुनिश्चित गर्ने।.
- बालविवाह अन्त्य गर्नका लागि कार्यरत विभिन्न पक्षहरूका बीचको सहकार्यलाई सहयोग गर्ने।

## बालविवाहको रोकथामका लागि कार्यक्रम निर्माण प्रक्रियालाई मदत गर्न

- बालविवाह, उमेर नपुगी गरिने विवाह, बलजफ्ती गरिने विवाहको रोकथाम गर्ने तथा विवाहित किशोरीहरूलाई सहायता गर्ने रणनीतिहरूलाई एकीकृत गर्ने।
- बालविवाहको रोकथाम तथा विवाहित बालबालिकालाई गरिने सहायताका लागि विभिन्न मन्त्रालयहरूबाट भइरहेको कामलाई एकीकरण गर्ने नेपाल सरकारको प्रयत्नलाई सहयोग गर्ने।

- स्तरीय शिक्षामा बालिकाहरूको, विशेषतः सीमान्तकृत समुदायका बालिकाहरूको पहुँच बढाउने नेपाल सरकारको प्रयत्नलाई सहयोग गर्ने तथा ग्लोबल पार्टनरशीप फर एजुकेशन लगायत शिक्षालाई अनुदान दिने अन्तर्राष्ट्रिय दाताहरूको आर्थिक सहयोगमा हुने शिक्षा क्षेत्रको भविष्यको योजनामा ती प्रयत्नहरूले पुग्दो स्रोत पाऊन् भन्ने सुनिश्चित गर्ने।
- प्राथमिक तथा माध्यमिक विद्यालयमा अन्तर्राष्ट्रिय मानव अधिकारको स्तरको किशोरावस्थाको शिक्षा तथा महिनावारी व्यवस्थापन शिक्षा दिएर यौन र प्रजनन स्वास्थ्यका बारेमा विस्तृत शिक्षा दिने प्रयत्नलाई अझ प्रभावकारी बनाउन नेपाल सरकारलाई आग्रह र सहयोग गर्ने। उक्त पाठ्यक्रमलाई परीक्षा हुने र स्वतन्त्र विषयका रूपमा राख्ने।

## सफल अभ्यासका बारे गरिएका अनुसन्धानहरूलाई सहयोग गर्ने

- बालविवाहमुक्त गाविस लगायत बालविवाह रोक्ने दिशामा सरकारी प्रयत्नहरूको प्रभावकारिताका बारेमा अनुसन्धान गरेर त्यसको अभिलेख राख्ने।
- नेपालमा बालविवाह तथा बलजफ्ती हुने विवाहका मुख्य कारणहरूका बारेमा जानकारी बढाउन तथा त्यसलाई सम्बोधन गर्न काम गर्ने गैरसरकारी संस्थाहरूलाई सहयोग गर्ने। बालविवाह तथा बलजफ्ती हुने विवाहलाई सम्बोधन गर्ने कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनगर्ने, प्रभावकारी उपायहरूका बारेमा सूचना आदानप्रदान गर्ने तथा उक्त सूचनाहरूलाई कार्यक्रमको परिमार्जनका लागि प्रयोग गर्ने।